# सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (सूचिकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७०

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (सूचिकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले गृह मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद २

## सूचिकरण, रोक्का, फुकुवा तथा अन्य व्यवस्था

३. **सूचिमा राख्ने तथा रोक्का आदेश जारी गर्ने** : (१) परराष्ट्र मन्त्रालयले ऐनको दफा २९ङ बमोजिम सूचिकृत भएका व्यक्ति, समूह वा संगठनको नाम, ठेगाना र सो सँग सम्बन्धित अन्य विवरण सहितको अद्यावधिक सूचि तत्काल मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम अद्यावधिक सूचि प्राप्त हुनासाथ सो सूचिमा रहेको व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का राख्ने आदेश तत्काल जारी गरी सो को सूचना सम्बन्धित सबैको जानकारीको लागि आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(३) ऐनको दफा २९च. को उपदफा (१) बमोजिम विदेशी मुलुकबाट कुनै व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का राख्न अनुरोध भएको व्यहोरा परराष्ट्र मन्त्रालय मार्फत मन्त्रालयमा प्राप्त हुन आएमा मन्त्रालयले देहायका बिषयमा जाँचबुझ गर्नु पर्नेछ :-

(क) सम्बन्धित देशको कानून बमोजिम अनुरोध भै आए वा नआएको,

(ख) त्यस्तो अनुरोध नेपालको प्रचलित कानून बमोजिम भए वा नभएको,

(ग) त्यस्तो अनुरोध मार्फत रोक्का राख्न खोजिएको सम्पत्ति वा कोषसँग सम्बन्धित व्यक्ति, समूह वा संगठन नेपालमा रहे वा नरहेको, वा

(घ) त्यस्तो व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष नेपालमा भएको वा हुन सक्ने संभावना रहे वा नरहेको ।

(४) मन्त्रालयले उपनियम (३) बमोजिमको जाँचबुझ त्यस्तो अनुरोध प्राप्त भएको मितिले बढीमा तीन दिन भित्र गरिसक्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम जाँचबुझ गर्दा त्यस्तो व्यक्ति, समूह वा संगठन आतंककारी व्यक्ति, समूह वा संगठन भएको वा हुन सक्ने मनासिव आधार भएको पाइएमा ऐनको दफा २९च. को उपदफा (३) बमोजिम आतंककारी व्यक्ति, समूह वा संगठनको सूचिमा सूचिकृत गर्न तथा त्यस्ता व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का राख्ने आदेश जारी गर्न नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(६) कुनै व्यक्ति, समूह वा संगठनलाई ऐनको दफा २९च. को उपदफा (३) बमोजिम आतंककारी व्यक्ति, समूह वा संगठनको सूचिमा सूचिकृत गर्ने कारबाही अगाडि बढाउन परेमा मन्त्रालयले देहायका बिषयमा जाँचबुझ गर्नु पर्नेछ :-

(क) ऐन वा प्रचलित कानून बमोजिम आतंककारी कार्य हुने वा हुन सक्ने वा आतकंबादी कृयाकलापमा वित्तीय लगानी गरेको वा गर्न सक्ने मनासिव आधार भएको,

(ख) खण्ड (क) बमोजिमका कार्य गर्ने व्यक्ति, समूह वा संगठनसँग आबद्ध रहेको वा सोमा आवद्ध हुन सक्ने मनासिव आधार भएको अन्य व्यक्ति, समूह वा संगठन ।

(७) उपनियम (६) बमोजिम जाँचबुझ गर्दा त्यस्तो कुनै व्यक्ति, समूह वा संगठन आतंककारी व्यक्ति वा समूह वा संगठन भएको वा हुन सक्ने मनासिव आधार भएको पाइएमा ऐनको दफा २९च. को उपदफा (३) बमोजिम आतंककारी व्यक्ति वा समूह वा संगठनको सूचिमा सूचिकृत गर्न तथा त्यस्ता व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का राख्ने आदेश जारी गर्न नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपनियम (५) र (७) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्ले सूचिकृत गरी सम्पत्ति वा कोष रोक्का राख्ने आदेश जारी गरेमा मन्त्रालयले अनुसूचि-१ बमोजिमको ढाँचामा तत्काल आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

४. **सूचिमा नाम समावेश गर्न सूचना दिने** : (१) कुनै व्यक्ति, निकाय वा संस्थाले आफ्नो काम कारवाहीको सिलसिलामा कुनै व्यक्ति, समूह वा संगठनको नाम ऐनको परिच्छेद

६ख.बमोजिम सूचिमा समावेश हुनु पर्ने कुनै सूचना वा मनासिव आधार प्राप्त गरेमा सोको जानकारी गोप्य रुपमा मन्त्रालयलाई यथाशीघ्र दिनु पर्नेछ ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम प्राप्त गरेको जानकारी वा आफ्नै स्रोत वा अन्य कुनै सूचनाको आधारमा कुनै व्यक्ति, समूह वा संगठनको नाम ऐनको परिच्छेद ६ख. बमोजिमको सूचिमा समावेश गर्नु पर्ने आधार देखेमा सोको कारण सहित निर्णयको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश भएको प्रस्तावमा उल्लिखित कुनै व्यक्ति, समूह वा संगठनलाई ऐनको परिच्छेद ६ख.बमोजिमको सूचिमा सूचिकृत गरी सम्पत्ति वा कोष रोक्का राख्ने निर्णय नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएमा मन्त्रालयले देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) संयुक्त राष्ट्र संघ अन्तर्गतको सूचिमा पर्ने निर्णय भएकोमा परराष्ट्र मन्त्रालय मार्फत संयुक्त राष्ट्र संघको सम्बन्धित निकायमा लेखी पठाउने,

(ख) कुनै विदेशी मुलुकको यस सम्बन्धी सूचिमा सूचिकृत गर्न अनुरोध गर्ने गरी निर्णय भएकोमा पराराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित मुलुकलाई लेखी पठाउने,

(ग) नेपालको आफ्नो सूचिमा सूचिकृत गर्ने निर्णय भएकोमा वेबसाइटमा प्रकाशन गर्ने ।

५. **सूचिबाट हटाउने** : (१) ऐनको परिच्छेद ६ख. अन्तर्गत सूचिकृत कुनै व्यक्ति, समूह वा संगठनले आफू सो सूचिमा समावेश हुनु पर्ने होइन भन्ने ठोस आधार भएमा अनुसूचि-२ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिन सक्नेछ ।

तर ऐनको दफा २९ङ बमोजिको सूचिमा समावेश भएको व्यक्ति, समूह वा संगठनले त्यस्तो निवेदन पराराष्ट्र मन्त्रालय मार्फत मन्त्रालयमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा मन्त्रालयले देहाय बमोजिम आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(क) निवेदकको नाम ठेगाना सूचिसँग मिले नमिलेको,

(ख) निवेदक सूचिको बिषयसँग सम्बन्धित भए नभएको ।

(३) मन्त्रालयले उपनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदक सूचिमा रहनु पर्ने नदेखिएमा सोको आधार र कारण सहित निर्णयको लागि नेपाल सरकार, मन्त्रिपरिषद समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदले कुनै व्यक्ति, समूह वा संगठनको नाम सूचिबाट हटाउने निर्णय गरेमा मन्त्रालयले देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) निवेदक ऐनको दफा २९ङ बमोजिमको सूचिमा समावेश रहेको भएमा निजको नाम उक्त सूचिबाट हटाउनको लागि परराराष्ट्र मन्त्रालय मार्फत संयुक्त राष्ट्र संघको सम्बन्धित निकायमा लेखी पठाउने,

(ख) निवेदक कुनै मुलुकबाट अनुरोध भए बमोजिम ऐनको दफा २९च.को उपदफा (३) बमोजिमको सूचिमा सूचिकृत रहेको भएमा निजको नाम सो सूचिबाट हटाई सोको जानकारी परराराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित मुलुकलाई दिने,

(ग) निवेदकलाई नेपाल सरकार आफैंले ऐनको दफा २९च.को उपदफा (३) बमोजिमको सूचिमा सूचिकृत गरेको भएमा सो सूचिबाट हटाउने,

(घ) निवेदकलाई नेपाल सरकारको अनुरोधमा विदेशी मुलुकले सूचिकृत गरेको भएमा परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित मुलुकमा लेखी पठाउने ।

(६) कुनै व्यक्ति, समूह वा संगठन उपनियम (५) को खण्ड (ख) र (ग) बमोजिम सूचिबाट हटाइएमा मन्त्रालयले सोको सूचना आफ्नो वेबसाइटमा तत्काल प्रकाशन गर्नु पर्नेछ ।

६. **प्राकृतिक व्यक्तिको सम्पत्ति वा कोष रोक्का राख्ने प्रकृया** : (१) कुनै प्राकृतिक व्यक्तिले ऐन वा यस नियमावली बमोजिम सूचिकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष आफूसँग रहेको थाहा हुन आएमा त्यस्तो सम्पत्ति वा कोषको विवरण रोक्का वा नियन्त्रणमा राख्ने प्रयोजनका लागि गोप्य रुपमा मन्त्रालय वा नजिकको जिल्ला प्रशासन कार्यालयमा अनुसूचि-३ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त हुन आएमा मन्त्रालयले सो उपर तत्काल जाँचबुझ गरी त्यस्तो व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष भएको देखिएमा त्यस्तो सम्पत्ति वा कोष रोक्का राख्नु वा आफनो नियन्त्रणमा लिनु पर्नेछ ।

७. **सूचक संस्थाको दायित्व** : (१) ऐन वा यस नियमावली बमोजिम कुनै व्यक्ति, समूह वा संगठनको नाम, ठेगाना तथा सोसँग सम्बन्धित अन्य विवरण मन्त्रालयको वेबसाइटमा सार्वजनिक हुनासाथ सूचक संस्थाले त्यस्तो व्यक्ति, समूह वा संगठन वा सोसँग सम्बद्ध कुनै व्यक्ति, समूह वा संगठनसँग आफ्नो कारोवारको तथ्याङ्काधार (डेटावेस) मा भए नभएको एकिन हुने प्रणाली स्थापना गर्नु पर्नेछ ।

(२) सूचक संस्थाले उपनियम (१) बमोजिम तथ्याङ्काधार (डेटावेस) मा खोज गर्दा कुनै सूचिकृत व्यक्ति, समूह वा संगठन वा सो सँग सम्बद्ध अन्य कुनै व्यक्ति, समूह वा

संगठनको कुनै सम्पत्ति वा कोष आँफूसंग रहेको भएमा ऐनको दफा २९छ. बमोजिम तत्काल रोक्का राख्नु पर्नेछ ।

(३) सूचक संस्थाले ऐन तथा यस नियमावली बमोजिम गर्नु पर्ने आफ्ना काम कारवाहीलाई प्रभावकारी कार्यान्वयन गर्न यस सम्बन्धी उत्कृष्ट अन्तर्राष्टिय अभ्यासलाई समेत आधार लिन सक्नेछ ।

८. **सम्पत्ति वा कोष फुकुवा गर्ने प्रकृया** : (१) नियम ५ बमोजिम कुनै व्यक्ति, समूह वा संगठनको नाम सूचिबाट हटेमा निजको सम्पत्ति वा कोष फुकुवा गर्न मन्त्रालयले सम्बन्धित निकायलाई आदेश दिई सोको सूचना आफ्नो वेभसाइटमा समेत तत्काल प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम फुकुवा आदेश भएमा सम्बन्धित सबै निकायले त्यस्तो सम्पत्ति वा कोष तत्काल फुकुवा गरी दिनु पर्नेछ ।

९. **अनुगमन** : (१) नियमनकारी निकायले ऐनको परिच्छेद ६ख. तथा यस नियमावली बमोजिम काम कारवाही भए नभएको सम्बन्धमा सूचक संस्थाको नियमित निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन गर्नु पर्नेछ ।

(२) सूचक संस्था बाहेक अन्य निकायको हकमा ऐनको परिच्छेद ६ख. तथा यस नियमावली बमोजिम काम कारवाही भए नभएको नियमित निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन सम्बन्धित मन्त्रालयले गर्नु पर्नेछ ।

(३) प्राकृतिक व्यक्तिले ऐनको परिच्छेद ६ख. तथा यस नियमावली बमोजिम पुरा गर्नु पर्ने काम कारवाही गरे नगरेको सम्बन्धमा मन्त्रालयले नियमित अनुगमन गर्नु गराउनु पर्नेछ ।

(४) सम्बन्धित मन्त्रालय तथा नियमनकारी निकायले यस नियम बमोजिमको निरीक्षण, सुपरीवेक्षण वा अनुगमन वर्षको कम्तीमा एक पटक गर्नु पर्नेछ ।

१०. **निर्दोष तेस्रो पक्षको हित संरक्षण** : (१) ऐनको परिच्छेद ६ख. बमोजिम सम्पत्ति वा कोष रोक्का हुन गई आफ्नो हकहितमा असर पर्ने निर्दोष तेस्रो पक्षले अनुसूचि-४ बमोजिमको ढाँचामा सम्पत्ति वा कोष फुकुवाको लागि मन्त्रालयमा निवेदन दिन सक्नेछ ।

तर ऐनको दफा २९ङ बमोजिमको सूचिसँग सम्बन्धित भई सम्पत्ति वा कोष रोक्का भएको निर्दोष तेस्रो पक्षले त्यस्तो निवेदन पराराष्ट्र मन्त्रालय मार्फत मन्त्रालयमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा आवश्यक कागजात तथा प्रमाण समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदन व्यहोरा मनासिब देखिएमा मन्त्रालयले निर्दोष तेस्रो पक्षको हकहित रहेको हदसम्मको सम्पत्ति वा कोष फुकुवा गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्दोष तेस्रो पक्षको हकहित रहेको सम्पत्ति वा कोष फुकुवा हुने भएमा मन्त्रालयले सम्बन्धित निकायलाई फुकुवाको आदेश दिई सोको सूचना आफ्नो वेबसाइटमा समेत तत्काल प्रकाशन गर्नु पर्नेछ ।

११. **भरणपोषण खर्च** : (१) ऐनको दफा २९ङ वा २९च. बमोजिमको सूचिमा नाम समोवश भएको व्यक्तिको सम्पूर्ण सम्पत्ति वा कोष रोक्का हुन पुगेमा निजले आफनो र आफनो परिवारको आधारभूत मानवोचित भरणपोषण गर्न आवश्यक पर्ने मनासिब माफिकको खर्चको लागि अनुसूचि-५ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदन उपर मन्त्रालयले आवश्यक जाँचबुझ गर्दा भरणपोषणको लागि निवेदकको अन्य कुनै आय स्रोत भएको नदेखिएमा देहाय बमोजिमको कार्यको लागि खर्च गर्न रोक्का सम्पत्ति वा कोष मध्ये मनासिब माफिकको सम्पत्ति वा कोष फुकुवा गरी दिन सक्नेछ :-

(क) दैनिक खानपिन, बास तथा स्वास्थ्य उपचारको लागि लाग्ने खर्च,

(ख) प्रचलित कानून बमोजिम लाग्ने कर तथा विद्युत, टेलिफोन, खानेपानी जस्ता दैनिक अत्यावश्यक सेवा उपभोगबापतको महशुल भुक्तानी खर्च,

(ग) सन्तानको शिक्षा दिक्षा वापतको खर्च,

(घ) कानूनी प्रतिरक्षा एवम् न्यायिक काम कारवाही वापतको खर्च,

(ङ) रोक्का रहेको सम्पत्ति तथा कोषको उचित संरक्षणको लागि लाग्ने खर्च ।

(३) उपनियम (२) बमोजिम खर्च प्रदान गर्दा कुनै व्यक्ति ऐनको दफा २९ङ को उपदफा (१) बमोजिमको सूचिमा रही सम्पत्ति वा कोष रोक्का भएको भए त्यस्तो सम्पत्ति वा कोष फुकुवा गर्नु अघि संयुक्त राष्ट्र संघको सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(४) मन्त्रालयले उपनियम (३) बमोजिम लेखी पठाएकोमा संयुक्त राष्ट्र संघबाट लेखी आए बमोजिम गर्नु पर्नेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम गरिएको अनुरोध संयुक्त राष्ट्र संघले प्राप्त गरेको मितिले दश दिन भित्र संयुक्त राष्ट्र संघबाट कुनै जवाफ नआएमा मन्त्रालयले मनासिब माफिकको सम्पत्ति वा कोष फुकुवा गरी दिन सक्नेछ ।

(६) मन्त्रालयले यस नियम बमोजिम सम्पत्ति वा कोष फुकुवा गर्दा त्यस्तो सम्पत्ति वा कोष आतंककारी कार्यमा प्रयोग वा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नहुने सुनिश्चित गर्नु पर्नेछ ।

१२. **रोक्का वा फुकुवाको विवरण दिनु पर्ने :** (१) ऐनको परिच्छेद ६ख. र यस नियमावली बमोजिम कुनै संस्था वा निकायले कुनै व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का राखेमा वा फुकुवा गरेमा अनुसूचि-६ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्ति, समूह वा संगठनलाई जानकारी दिनु पर्नेछ ।

(२) ऐनको परिच्छेद ६ख. र यस नियमावली बमोजिम कुनै संस्था वा निकायले कुनै व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का राखेमा वा फुकुवा गरेमा त्यस्तो सम्पत्ति वा कोषको विवरण रोक्का वा फुकुवा भएको मितिले तीन दिन भित्र अनुसूचि-७ बमोजिमको ढाँचामा सूचक संस्थाले नियमनकारी निकाय र सूचक संस्था बाहेकका अन्य व्यक्ति वा निकायले अर्थ मन्त्रालयमा पठाई सोको एक प्रति वित्तीय जानकारी इकाईलाई समेत दिनु पर्नेछ ।

१३. **सूचना प्रवाह गर्न सक्ने** : कुनै विदेशी मुलुक वा निकायले कुनै खास व्यक्ति, समूह वा संगठनसँगको कारोवारका सम्बन्धमा गरेको निर्णयले नेपालमा समेत असर पर्न सक्ने भई आवश्यक जानकारीको लागि नेपालको कुनै निकायलाई उपलब्ध गराएमा त्यस्तो निकायले पूर्व सावधानीको प्रयोजनको लागि सम्बन्धित निकाय वा संस्थामा सूचना प्रवाह गर्न सक्नेछ ।

१४. **सफाइको मौका दिनु पर्ने :** मन्त्रालयले ऐनको दफा २९ट.को उपदफा (३) बमोजिम प्राकृतिक व्यक्ति वा कानूनी व्यक्तिलाई जरीबाना गर्नु परेमा सो जरीबाना गर्नु पर्नाको कारण सहित १५ दिनको म्याद दिई आफ्नो सफाई पेश गर्न मौका दिनु पर्नेछ ।

१५. **वार्षिक प्रतिवेदन :** (१) नियमनकारी निकाय र सम्बन्धित मन्त्रालयले ऐनको परिच्छेद ६ख. तथा यस नियमावली बमोजम गरेका काम कारवाहीको विवरण समावेश गरी प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिनाभित्र राष्ट्रिय समन्वय समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिबेदन राष्ट्रिय समन्वय समितिले मन्त्रालय र परराष्ट्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको प्रतिवेदनमा सम्पत्ति वा कोष रोक्का वा फुकुवा सम्बन्धी विवरण, अनुगमन, विश्लेषण, समस्या र समाधानका उपायहरु लगायतका बिषय समावेश गर्नु पर्नेछ ।

१६. **क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन** : मन्त्रालय, नियमनकारी निकाय तथा सूचक संस्थाले ऐनको परिच्छेद ६ख. तथा यस नियमावलीको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित कर्मचारीहरुको लागि आवश्यकता अनुसार क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

१७. **कार्यविधि बनाई लागु गर्न सक्ने :** मन्त्रालय वा नियमनकारी निकायले ऐनको परिच्छेद ६ख. तथा यस नियमावली र यस सम्बन्धी अन्तराष्ट्रिय मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न गराउन आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

अनुसूचि -१

(नियम ३ को उपनियम (१०) सँग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

सम्पत्ति वा कोष रोक्का आदेश

............................ को मिति .......................... को निर्णय बमोजिम देहायका/यसै साथ संलग्न गरिएका व्यक्ति, समूह वा संगठनलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९ङ/२९च. बमाजिम सूचिमा राखिएको जानकारी सम्बन्धित प्राकृतिक व्यक्ति, संघ, संस्था तथा निकायलाई गराइएको छ । निजहरु वा निजहरुसँग सम्बन्धित व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९छ. बमोजिम विना पूर्व सूचना तत्काल रोक्का राखी तीन दिन भित्र सम्बन्धित निकायलाई नियम १२ को उपनियम (२) बमोजिम जानकारी दिन हुन यो रोक्का आदेश जारी गरिएको छ ।

| **क.सं.** | **व्यक्ति, समूह वा संगठनको नाम** | **सम्पत्ति वा कोष रोक्का विवरण** |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

.........................

नेपाल सरकारको सचिव

## अनुसूचि-२

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

श्री नेपाल सरकार

................. मन्त्रालय ।

महोदय,

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम मिति ................. मा नेपाल सरकार, गृह मन्त्रालयले जारी गरेको सूचिमा मेरो/हाम्रो नाम परेको देखिएको छ । देहायका कागज तथा प्रमाणका आधारमा म/ हामी सो सूचिमा पर्नु पर्ने होइन । अतः सो सूचिबाट मेरो/हाम्रो नाम हटाई रोक्का भएको मेरो/हाम्रो सम्पत्ति वा कोष समेत फुकुवा गरिदिन हुन अनुरोध छ ।

सूचिमा पर्नु नपर्ने भनी लिईएका आधार, कागज र प्रमाण :

१.

२.

३.

४.

निवेदक,

नाम थर :

ठेगाना :

संकेत नं :

# अनुसूची-३

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

श्री नेपाल सरकार

गृह मन्त्रालय/जिल्ला प्रशासन कार्यालय, ........ ।

महोदय,

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम नेपाल सरकार, गृह मन्त्रालयबाट मिति .............. मा जारी सूचिमा ...................... को नाम परेको छ । निजको समेतको हक हित रहेको देहायको सम्पत्ति वा कोष मसँग रहेकोले यो जानकारी गराएको छु ।

**सम्पत्ति वा कोषको विवरण** :

१.

२.

३.

४.

निवेदक,

नाम थर :

ठेगाना :

अनुसूचि ४

(नियम १० को उपनियम (१) वा (२) सँग सम्बन्धित)

श्री नेपाल सरकार

.................. मन्त्रालय ।

महोदय,

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम नेपाल सरकार, गृह मन्त्रालयले जारी गरेको सूचिमा मेरो/हाम्रो नाम नपरेको भए तापनि सोही कारण देखाएर मेरो/हाम्रो देहाय बमोजिमको सम्पत्ति वा कोष रोक्का रहेको भन्ने जानकारी पाएकोमा देहायका आधारमा म/हामी निर्दोष भएकाले मेरो/हाम्रो हकभोग जतिको रोक्का सम्पत्ति वा कोष फुकुवा गरिदिन हुन अनुरोध गर्दछु ।

रोक्का सम्पत्ति वा कोषको विवरण :

१.

२.

३.

सम्पत्ति वा कोष फुकुवा हुनु पर्ने आधार, कागज र प्रमाण :

१.

२.

३.

निवेदक,

नाम थर :

ठेगाना :

## अनुसूचि-५

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

श्री नेपाल सरकार

गृह मन्त्रालय ।

महोदय,

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम मिति ............मा त्यस मन्त्रालयबाट जारी सूचिमा मेरो नाम परी मेरो सम्पूर्ण सम्पत्ति वा कोष रोक्का हुन पुगेको छ । मेरो अन्य कुनै आय स्रोत छैन । अतः देहायको कार्यका लागि देहाय बमोजिमको खर्च पाउन अनुरोध गर्दछु ।

| क. सं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | दैनिक खानपिन, बास तथा स्वास्थ्य उपचारको लागि लाग्ने खर्च | |
| २. | प्रचलित कानून बमोजिम लाग्ने कर तथा विद्युत, टेलिफोन, खानेपानी जस्ता दैनिक अत्यावश्यक सेवा उपभोगबापतको महशुल भुक्तानी खर्च | |
| ३. | सन्तानको शिक्षा दिक्षा वापतको खर्च, | |
| ४. | कानूनी प्रतिरक्षा एवम् न्यायिक काम कारवाही वापतको खर्च | |
| ५. | रोक्का रहेको सम्पत्ति तथा कोषको उचित संरक्षणको लागि लाग्ने खर्च | |

निवेदक,

नाम थर :

ठेगाना :

सूचि नं. :

अनुसूचि ६

(नियम १२ को उपनियम (१) सँग सम्बन्धित)

सम्पत्ति वा कोष रोक्काको जानकारी

श्री ..........................

.......................................................

...................................................... ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ........ बमोजिम नेपाल सरकार मन्त्रालयले मिति .................... मा जारी गरेको रोक्का आदेश अनुसार तपाईको देहाय बमोजिमको सम्पत्ति वा कोष रोक्का गरिएको व्यहोरा जानकारी गराइन्छ ।

रोक्का रहेको सम्पत्ति वा कोषको विवरण

| क.स. | मन्त्रालयको आदेश नं., मिति र क्र.स. | सम्पत्ति वा कोषको विवरण | सम्पत्ति वा कोषको स्वामित्व, हकभोग रहेको व्यक्तिको नाम, थर र ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

..............................

सम्बन्धित अधिकारी

अनुसूचि-७

(नियम १२ को उपनियम (२) सँग सम्बन्धित)

<u>सम्पत्ति वा कोष रोक्का/फुकुवा भएको जानकारी</u>

श्री .................................

..................................... ।

**बिषय** : सम्पत्ति वा कोष रोक्का/फुकुवा भएको सम्बन्धमा ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ......... बमोजिम नेपाल सरकार, गृह मन्त्रालयको मिति ................ मा जारी आदेश बमोजिम देहायका व्यक्ति, समूह वा संगठनको देहाय बमोजिमको सम्पत्ति वा कोष रोक्का/फुकुवा गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

<u>रोक्का विवरण</u>

| क.स. | मन्त्रालयको आदेश र मिति | सम्पत्ति वा कोषको विवरण | सम्पत्ति वा कोषको स्वामित्व, हकभोग रहेको व्यक्तिको नामथर ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |

फुकुवा विवरण

| क.स. | मन्त्रालयको आदेश र मिति | सम्पत्ति वा कोषको विवरण | सम्पत्ति वा कोषको स्वामित्व, हकभोग रहेको व्यक्तिको नाम, थर ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

............................

सम्बन्धित अधिकारी

बोधार्थ:

श्री वित्तीय जानकारी इकाई, नेपाल राष्ट्र बैंक ।